# मार्मा गाउँपालिकाको

# आ.ब २०८०/०८१ को

# बजेट वक्तव्य

## २०८०

सर्मिला कुमारी  चन्द (सिंह) उपाध्यक्ष

मार्मा गाउँपालिका , दार्चुला

सुदूरपश्चिम प्रदेश

नेपाल

यस तेहौं गाउँसभाका अध्यक्ष एवम् मार्मा गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, भुतपुर्व जनप्रतिनिधि ज्यूहरु, ईलाका प्रहरी कार्यालयका प्रमुख ज्यू मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक तथा बुद्धिजीवी ज्यूहरु, पत्रकार मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१को बजेट सार्बजनिकिकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण उपस्थित महानुभावहरुमा मार्मा गाउँपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्ष पश्चात प्राप्त भएको हो । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि जनयुद्द जनआन्दोलन, मधेश आन्दोलन, लगायतका पटक पटक भएका जनआन्दोलनका ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु, साथै विभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । जनताका प्रतिनिधिहरु मार्फत जारी भएको संबिधानको परिधि भित्र रही यस मार्मा गाउँ पालिकाको तेहौं गाउँ सभामा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

विश्वभरि फिएको कोभिड-१९, विश्व भरि देखिएको असहज परिस्थिति, विश्व अर्थतन्त्र सिमित व्यात्तिको संलग्नता र विश्व आर्थतन्त्रमा देखिएको संकुचनको र राजनितिक अस्थिरता जस्ता कारणले नेपाल सरकारको अर्थतन्त्रमा देखिन गएको आर्थिक सिथिलताले संघिय सरकार र प्रदेश सरकाबाट प्राप्त हुने वित्तीय हस्तान्तरण मार्फत प्राप्त हुने अनुदानहरुमा देखिएको संकुचन जस्ता समस्याहरु संगै हामी माझ एकातर्फ आन्तरिक आम्दानीका श्रोतहरुको अभाव रहेको छ भने अर्को तर्फ दक्ष जनशक्ती तथा श्रोतसाधनको अभाव जस्ता कारणले अपेक्षित उपलब्धीहरु हासिल गर्न समस्या रहेता पनि संघियताको मर्म र जनताको भावना अनुरुप उपलब्धि हासिल गर्न मार्मा गाउँपालिका निरन्तर प्रयासरत रहनेछ ।

हालसम्मको प्राप्त उपलब्धीहरुलाई थप मजबुत तथा संस्थागत गर्दै नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन र आगामी वर्षको नीति तथा कार्यक्रमले राखेका लक्ष्यहरु कार्यान्वयन गर्न आ व २०८०/८१ का लागि बजेट पेश गर्न गईरहको छु।

**आ व २०८०/८१ को बजेट निर्माण गर्दा तपसीलका पक्षहरुमा ध्यान दिएको छु ।**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेका नीति तथा सिद्वान्तका साथै मार्मा गाँउपालिकाको नीति तथा कार्यक्रम, आर्थिक ऐन २०८०, विनियोजन ऐन २०८० एवं मार्मा गाँउपालिका आमजनसमुदायहरु लगायत गाउँसभाका सदस्यहरुको सुझावलाई समेत समेटी यो बजेट निर्माणमा ध्यान पुर्याएको छु ।

- ✓ मार्मा गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक,समाजिक तथा सांस्कृतिक विविधतका पक्षहरुमा ध्यान दिएको छु ।
- ✓ **समृद्ध मार्मा सुखी मार्माली** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, लक्ष्यन्मुख र यथार्त परक पक्षहरुलाई मध्यनजर गर्दै बजेटको ढाँचा तयार गरिएको छ।
- ✓ दिगो विकासका लक्ष्य १५ औं योजनाको परिधि भित्र रहि मध्यकालिन खर्च संरचनाको आँकलन |
- ✓ गाउँपालिकाले संघीय एवं प्रदेश सरकारवाट प्राप्त गरेका बिभिन्न अनुदानहरु, राजश्व बाँडफाँड तथा मार्मा गाउँपालिकाको आन्तरिक श्रोतसाधनलाई ध्यान दिई बजेट तर्जुमा गरेको छु ।
- ✓ समघियताको मर्म र जनताका महत्व आकाँक्षाका लाई मध्यनजर गरि सिमित स्रोत साधनको बाबजुत पनि सम्यक विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधीमा रही बजेट तर्जुमा गरेको छु ।
- ✓ बजेट तर्जुमा गर्दा नागरिकको स्वास्थ, सुरक्षा, उत्पादन र आर्थिक उपार्जन रोजगारी सिर्जना क्रमागत योजना सम्पन्नता लक्षित पुर्वाधार विकासका साथै आयआर्जन र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने जस्ता पक्षलाई समेटेको छु ।
- ✓ मानव संसाधन बिकाश र रोजगारी शृजना गर्ने गरि बजेटको तर्जुमा गरेको छु |

**उपस्थित महानुभावहरु,**

**आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटका मूख्य उदेश्यहरु देहाय अनुसार रहेका छन |**

- ✓ आगामी आ.व.०८०/०८१को बजेटको मूल मार्गदर्शन पालिका गौरवका आयोजना तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिने दिशामा केन्द्रित रहने छ,
- ✓ विद्धमान रुपमा फैलिई रहेको लम्पी स्किन जस्ता रोग निर्मुल गर्ने मा केन्द्रित रहने छ |
- ✓ गाउँपालिकामा रहेको गरिबीलाई न्यूनीकरण गर्न तयार पारिएका रणनीतिक योजना जीविकोपार्जन र स्रोत साधनको परिचालनमा सवैको समान पहुँच हुने गरि कार्यक्रमहरु तय गरिएका छन।
- ✓ गाउँपालिकाको नीतिगत, संस्थागत सुधार गर्न आवश्यक बजेटको व्यवस्था सहित कार्यक्रम तय गरिने छ।
- ✓ शैक्षिक तथा स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित, विश्वासनिय र सेवा प्रवाहलाइ चुस्तता दिनकोलागि भौतिक पुर्वाधार स्थापनाका साथै जनशक्ति व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडी बढाउने,
- ✓ सुशासन र पारदर्शिता मध्यनजर गरी विकासका आयोजना एवं कार्यक्रमहरुलाई नतिजा मुलक, बिस्वासनिय, उत्पादनमुलक र भरपर्दो बनाउने ,
- ✓ सामाजिक तथा आर्थिक रुपले पछाडी परेका वर्गहरु एवं बेरोजगार युवाहरुलाई रोजगार सृजना गरी आत्मनिर्भर तर्फ उन्मुख गराउने ,
- ✓ समाजमा पछाडी परेका र सिमान्तकृत वर्गहरुलाई विकासको मुल प्रवाहमा समेटिने छ | जवाफदेही, उत्तरदायी तथा पारदर्शी संयन्त्र सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चिता,
- ✓ उपलब्ध साधनश्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी गाउँपालिकाको पुर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने,

*उपस्थित महानुभावहरु*

आगामी आर्थिक बर्ष २०८०/०८१मा मार्मा गाउँपालिकाको लागि संघीय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त अनुदान तथा राजश्व बाँडफाँडको अनुमानित अनुदान र मार्मा गाउँपालिकाको आन्तरिक आम्दानी देहाय बमोजिम पेश गर्दछु ।

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.१० करोड ११ लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त चालु अनुदान रु. १५ करोड ७ लाख
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त पुजीगत अनुदान रु. १ करोड ८ लाख
- ✓ संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ८० लाख
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. २ करोड १० लाख
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ८ करोड ११ लाख ७६ हजार
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. ८७ लाख ८ हजार
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु. ११ लाख ८९ हजार
- ✓ प्रदेश सरकार समपुरक अनुदान रु.७५ लाख
- ✓ प्रदेश सरकार बिशेष अनुदान रु. ८० लाख
- ✓ आन्तरिक आय रु. ५१ लाख ८८ हजार

माथि उल्लेखित संघीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान शसर्त अनुदान राजश्व बाँडफाँड तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा आगामी आर्थिक वर्ष २०८०/०८१ को चालु, र पुँजीगत गरी कुल बजेट रु. ४० करोड ३३ लाख ६१ हजार अनुमान गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

अब म आर्थिक बर्ष २०८०/०८१ को आय व्ययको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाको कुल विनियोजित बजेट रु ४० करोड ३३ लाख ६१ हजार मध्ये चालु तर्फ रु २९ करोड ६८ लाख ६१ हजार (७३.५९ प्रतिशत), पुजीगततर्फ रु १० करोड ६५ लाख (२६.४० प्रतिशत) खर्च हुने अनुमान गरेको छु ।

**आर्थिक बर्ष २०८० /०८१ को बजेट सारांश तपसिल अनुसार रहेको छ ।**

- कृषि क्षेत्रको समग्र बिकास तथा कार्यक्रम संचालन, पकेट क्षेत्र बिस्तार, रैथाने जातका बिरुवा संरक्षण जस्ता कार्यका लागि संघिय सरकार बाट रु. १६ लाख प्राप्त भएकोमा गाउँपालिकाबाट थप रु १५ लाख बिनियोजन गरेको छु ।
- पशुपंक्षी  क्षेत्रको समग्र बिकास तथा कार्यक्रमको लागि संघीय सरकार बाट रु. २३ लाख प्राप्त भएकोमा अहिले विद्धमान रुपमा गाउँ बस्तीमा फैलिई रहेको लम्पी स्किन रोग नियन्त्रण लगायत जस्ता कार्यक्रम संचालन गर्न गाउँपालिका बाट थप रु. २० लाख बिनियोजन गरेको छु ।
- गुल्जर सास्कृतिक तथा पर्यटकीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रमका लागि संघिय सरकारबाट प्राप्त हुने बजेटमा थप गाउँपालिका बाट रु. ५ लाख बिनियोजन गरेको छु ।
- लटिनाथ पर्यटकीय पूर्वाधार बिकाश कार्यक्रम तथा लटिनाथ खेल मैदानमा मार्मा गाउँ पालिकाबाट रु.१० लाख बिनियोजन गरेको छु |
- मडबगड खेल मैदान निर्माण कार्य निरन्तरता दिन संघीय सरकार बाट रु.१५ लाख, प्रदेश सरकार बाट रु. ७ लाख र मार्मा गाउँ पालिकाबाट रु. ५ गरि जम्मा २७ लाख बजेट बिनियोजन गरेको छु |
- मार्मा गाउँपालिकाको वडा न २ स्थित घाटबगरमा  मार्मा औधोगिक ग्रामको निर्माण कार्यको लागि संघबाट प्राप्त हुने रकममा थप रु. ५ लाख बिनियोजन गरेको छु ।
- अहिले संचालनमा रहेको च्यूरी तथा साबुन उद्योगलाइ थप व्यवस्थित गरि उत्पादित हर्बल साबुनको ब्रान्डिंग गरि बजारीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु |
- स्थानीय उद्यम र उद्यमी प्रवर्धन गर्ने उदेश्य सहित पालिकमार्फत संचालित लघुउद्यम बिकास कार्यक्रमको लागि संघीय सरकारबाट रु. १३ लाख प्राप्त भएकोमा उक्त कार्यक्रमलाइ थप व्यवस्थित तथा प्रभावकारी गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु |

- स्थानीय बेरोजगारहरु युवाहरुलाई रोजागारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रममा संघीय सरकारबाट रु ३९ लाख प्राप्त बजेटमा अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अनुसार थप रु. १९लाख १ हजार बजेट बिनियोजन गरेको छु ।
- संघीय सरकारबाट युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजनाका लागि रु. ३० लाख बिनियोजन गरेको छु |
- शैक्षिक क्षेत्रको समस्या सामाधान गर्ने गरि पालिकाको शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट रु. ११ करोड ३४ लाख बिनियोजन गरिएकोमा थप कार्यक्रम संचालन तथा शिक्षाक्षेत्रमा रहेको समस्या समाधान गर्न मार्मा गाउँपालिकाबाट रु.२ करोड ६९ लाख ५७ हजार बजेट बिनियोजन गरेको छु, जस अन्तर्गत लटिनाथ बहुमुखी क्याम्पसलाई अनुदान स्वरूप रु. १५ लाख, तपोवन मा.बि. पडपडालाइ रु.१० लाख, दुर्गेश्वरी मा.बि घोल्जरलाइ रु.१० लाख, लटिनाथ मा.बि. रस्कोटलाइ रु. ५ लाख |
- स्वास्थ्य क्षेत्र व्यवस्थापन अन्तर्गत क्षमता बिकास, स्वास्थ्यकर्मी परिचालन, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकीकरण, स्वास्थ्यकर्मी प्रोत्साहन, महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन सहित रु.१ करोड ८६ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- वडा न १ को तोलिमान्डु, दह र वडा न ५को जन्निगाउँमा स्वास्थ्य इकाई भवन निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गरि सामुदायिक स्वास्थ्य इकाईबाट नै सेवा संचालन गर्न मार्मा गाउँपालिकाबाट रु.३७ लाख बजेट बिनियोजन गरेको छु,
- **उपाध्यक्ष सफा आमा स्वस्थ शिशु** कार्यक्रम संचालनमा ल्याई सुरक्षित मातृत्व तथा परिवार स्वास्थ कार्यक्रम प्रभावकारी तथा गुणस्तरिय बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आरोग्य सेवा केन्द्र मार्फत बृद्ध बृद्धा तथा अन्य सबैलाई सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु |

- बहु क्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन संघीय सरकारबाट रु. १३ लाख बजेट विनियोजन  भै आएकोमा मार्मा गाउँपालिकाबाट समेत आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- अध्यक्षसंग जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत घरभेट सहितको स्वास्थ्य परिक्षण तथा उपचारका लागि आवश्यक व्यवस्था मिलाएको छु ।
- गर्भवती महिला तथा बालबालिकाहरुको पोषण स्थितिको लेखाजोखा गरि कुपोषण न्यूनीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कोभिड-१९को प्रभाव देखिन सक्ने अवस्थालाई मध्यनजर गर्दै रोकथाम एबं व्यवस्थापन, मनोपरामर्श तथा जनचेतना मुलक कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मार्मा गाँउपालिका साथै अन्यपालिकाहरुको स्वास्थ्य क्षेत्रको समस्यलाई मध्य नजर गरि सुबिधा सम्पन्न १० सैप्यको अस्पताल निर्माण कार्यलाई २ बर्षमा नै सम्पन्न गरि चिकित्सिय सेवा प्रवाह सुचारु गर्न संघिय सरकारसँगको समन्वयमा भौतिक पुर्वाधार निर्मानको लागि रु ५० लाख बिनियोजन गरेको छु।
- मार्मा गाउँपालिका अन्तर्गत वडा नं. ४को मर्मीति बस्तीमा शुद्ध खानेपानी तथा सरसफाई अन्तर्गत एक घर एक धारा नीति अनुरुप कार्यक्रम संचालन गर्न संघीय सरकारसंगको पहलमा बिशेस अनुदान तर्फ, र प्रदेश सरकारसंगको पहलमा वडा नं.१ को दह बस्तीमा शुद्ध खानेपानी तथा सरसफाई संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । र खानेपानी सरसफाई तथा स्वच्छता इकाई (वाश युनिट) मार्फत संचालन हुने खानेपानीहरुको दिगोपना तथा मर्मत सम्भार कार्यक्रमहरुका लागि २० लाख बजेट बिनियोजन गरेको छु ।
- मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रबाट पहिचान बढाउने र खेलाडी प्रोत्साहन गर्ने नीति अनुरुप आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पारीबगड-गुल्जर-परमचुला सडकको निर्माण कार्यलाई निरन्तरता दिन संघीय सरकारबाट प्राप्त समपुरक अनुदान रु. ८० लाखमा थप गरि गाउँपालिका बाट रु. ३५ लाख बजेट बिनियोजन गरेको छु ।

- लटिनाथ—सार्सी-बजानी-दुनि सडकखण्डको निर्माण कार्यलाइ तिब्रता साथ अगाडी बढाउन प्रदेश सरकारबाट प्राप्त रु. ५० लाख, समपुरक अनुदान रु.२५ लाखमा गाउँपालिका बाट रु. १० लाख थप गरि जम्मा रु. ८५ लाख बिनियोजन गरेको छु ।
- झोलुङ्गे पुल निर्माण कार्यको लागि संघ सरकारबाट रु. ३० लाख बजेट प्राप्त भएकोमा गाउँपालिकाबाट समपुरक वाफत थप रु. ५लाख बजेट बिनियोजन गरेको छु ।
- निर्माणाधीन प्रशासकीय भवन चालु आ.व.मै सम्पन्न गरि एकीकृत सेवा प्रवाह गर्न को लागि संघीय सरकार र मार्मा गाउँपालिकाको ६०/४० प्रतिशत अनुपात अनुसार गाउँपालिकाको भुक्तानी गर्न बाकि रहेको रकम भुक्तानी गर्न रु.२ करोड बिनियोजन गरेको छु ।
- निर्माण सम्पन्न भै सेवा प्रवाह गरि रहेको वडा न ५ को वडा कार्यालय भवनको घेर पर्खाल निर्माणको अन्तिम किस्ता भुक्तानी गर्न रु. १२ लाख बिनियोजन गरेको छु ।
- विद्युतीकरण हुन बाकी रहेका बस्तीमा हाल संचालनमा लघु जल बिद्युतका आयोजना हरुलाई मर्मत सम्भार तथा नियमित संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- मार्माका ब्यापारिक केन्द्र बिन्दु मानिएका मुख्य बजार सडक छेउमा तथा पर्यटकीय स्थलहरुमा सोलार बत्तीको ब्यबस्था गर्न राष्ट्रिय ग्रामिण उर्जा तथा नबिकरणीय उर्जा कार्यक्रममा संघीय सरकारबाट रु. १० लाख प्राप्त भएकोमा गाउँपालिकाबाट थप बजेटको व्यवस्था मिलाएको छु ।
- मार्मा गाउँपालिका वडा नं.५ मा निर्माणाधीनमा रहेको जन्नी गाउँ शिसु कक्षा भवनको निर्माण सम्पन्न गर्न रु. १५ लाख बिनियोजन गरेको छु ।
- आगामी आ.व.मा संघीय बिशेस अनुदानबाट मार्मा गाउँपालिका वडा नं.४ मा रहेको तपोवन मा.बि. पडपडा बिद्यालय भवन निर्माण गर्न र वडा नं.१मा रहेको दुर्गेश्वरी मा.बि. घोल्जरको भवन निर्माण कार्यलाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**उच्च पहाडी एवम् हिमाली क्षेत्र सम्वृद्धि** कार्यक्रम अन्तरगत अधुरा रहेका दुर्गेश्वरी आ.बि. बार्कु, भुवनेश्वरी आ.बि. तोलिमान्डु, र धौलपुर आ.बि. जन्नी गाउँ भवन निर्माण सम्पन्न गर्न प्रदेश सरकारबाट प्राप्त रु. ५० लाखमा मार्मा गाउँपालिकाबाट थप रु. २५ लाख बिनियोजन गरेको

छु ।र शिवालिंग मा. वि. पत्थरकाडा भवन निर्माणको भवन निर्माणका लागि रु.८ लाख बिनियोजन गरेको छु ।

- 
- १० बर्षे जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने योद्धाहरुको परिवारलाई प्रोत्साहन वाफत दिदै आएको प्रोत्साहन भत्ताको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सहिद छात्रवृत्ति कोषमा रु.५ लाख बिनियोजन गरेको छु, सो कोष मार्फत दलित, बिपन्न तथा शहिद परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।
- मार्मा गाउँपालिकाभित्र स्थायी वसोवास भएका र मार्मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयबाट एस.ई.ई. परीक्षा उत्तीर्ण गरेका गरिब, जेहेन्दार, उत्कृष्ट बिद्यार्थी मध्ये प्रति बर्ष एक जना विद्यार्थीलाइ एम.वि.वि.एस. अध्ययन गर्न बार्षिक रु १० लाख विनियोजन गरि कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको क्षमता बिकास तथा पालिका क्षेत्रमा गरिने अभियानात्मक क्रियाकलापहरुका लागि रु. ५ लाख बिनियोजन गरेको छु ।
- गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई थप व्यवस्थित गर्न तथा वडा मेलमिलाप केन्द्र संचालन र व्यवस्थापन गर्न रु.१६ लाख बजेट बिनियोजन गरेको छु ।
- गाउँपालिका प्रकोप व्यवस्थापन कोष स्थापना गरि विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना बनाइ कार्यान्वयन गर्न रु. १० लाख बजेट बिनियोजन गरेको छु।
- फोहरमैला विसर्जनको दिर्घकालिन समाधानका लागि डम्पिङ साइड निर्धारण गर्ने काम अध्ययन गरि कार्यान्वयनमा ल्याउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- वन तथा वातावरण क्षेत्रको संरक्षणको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- गाउँपालिकाबाट प्रदान गरिदै आएको राजश्व संकलन तथा परिचालन गर्ने कार्य विकेन्द्रित गर्दै आगामी आ.व.मा सो राजश्व संकलन कार्य वडा कार्यालयबाट संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- वडा कार्यालयहरुबाट संचालान तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि रु.६८ लाख बजेट बिनियोजन गरेको छु ।

अन्तमा बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिका अध्यक्ष ज्यु, जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पूर्ण रास्ट्रसेवक कर्मचारीहरु, राजनीतिक दलहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार प्रकट गर्न चाहन्छु । बजेट कार्यान्वयनमा समेत यहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

**!!!**

**धन्यवाद**